# प्रेस विज्ञप्ति

आज मिति २०७५।७।२८ गते बुधबारका दिन माननीय अर्थमन्त्री डा. युवराज खतिवडासँग विश्व बैंकका दक्षिण एशिया क्षेत्रका उपाध्यक्ष हार्टविग सेफरले शिष्टाचार भेट गर्नुभयो ।

सो अवसरमा माननीय अर्थमन्त्रीज्यूले उपाध्यक्ष र निजको प्रतिनिधि मण्डललाइ स्वागत गर्दै नेपालको विकास प्रयासमा विश्व बैंकको निरन्तर सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो । माननीय अर्थमन्त्रीज्यूबाट दिगो र उच्च आर्थिक बृद्दिका लागि आवश्यक लगानी अभिबृद्दि गर्न चालिएका विभिन्न कानूनी तथा प्रक्रियागत कदमहरुको बारेमा चर्चा गर्दै संघीयता कार्यान्वयन, यातायात र पूर्वाधार, उर्जा लगायत क्षेत्रमा लगानी विस्तार, सामाजिक सेवाको सुदढीकरण तथा विस्तार, सामाजिक सुरक्षा, उत्तर र दक्षिण छिमेकीसँग कनेक्टीभिटी बढाउन चालिएका कदमहरुका बारेमा जानकारी गराउँदै नेपालले लिएका विकासका लक्ष्यहरु हासिल गर्न विश्व बैंकका तर्फबाट थप सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नु भयो । विश्व बैंकका दक्षिण एशिया क्षेत्रका उपाध्यक्ष हार्टविग सेफरले नेपालको विकास प्रयासमा सघाउन पाएकोमा खुशी व्यक्त गर्दै आगामी दिनमा थप सहयोग परिचालन गर्न सकिने जानकारी गराउनु भयो । नेपालले संस्थागत क्षमता अभिबृद्दि गर्दै गएमा खर्चको प्रभावकारितामा थप वृद्दि हुने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा अर्थ सचिव राजन खनाल, सचिव (राजस्व) शिशिर कुमार ढुंगाना, विश्व बैंकका नेपाल, वंगलादेश र भुटानका राष्ट्रिय निर्देशक क्विमिओ फान लगायत अर्थ मन्त्रालयका र विश्व बैंकका उच्च अधिकारीहरुको उपस्थिति रहेको थियो ।

साथै, आजै माननीय अर्थमन्त्री डा. युवराज खतिवडा र विश्व बैंकका दक्षिण एशिया क्षेत्रका उपाध्यक्ष हार्टविग सेफरको उपस्थितिमा नेपाल सरकार र विश्व बैंकबीच दोस्रो पुल सुधार तथा मर्मत कार्यक्रम अन्तर्गत ४७७ पुल निर्माणका लागि करीब रु १५ अर्ब ४२ करोड रुपैंया बराबर सहुलियत ऋण सम्झौता र खाद्य तथा पोषण अभिबृद्दि परियोजनाका लागि रु २ अर्ब ६२ करोड बराबरको अनुदान सहयोगमा अर्थ सचिव राजन खनाल र विश्व बैंकका नेपाल, बंगलादेश र भुटानका लागि राष्ट्रिय निर्देशक क्विमिओ फानले हस्ताक्षर गर्नुभयो ।

२०७५।७।२८

**अर्थ मन्त्रालय, सिंहदरबार ।**